वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १०८ २०८३ साउन ३१ गते आइतबार, नेपाल सम्वत् ११४६ August 16, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-

## गाउँमै अल्ट्रासाउन्ड सेवा, गर्भवती महिलालाई सहज

भञ्ज्याङ समाचारदाता/दमौली

ग्रामीण तथा दुर्गम क्षेत्रका गर्भवती महिलालाई स्थानीय स्तरमै अल्ट्रासाउन्ड सेवा उपलब्ध हुन थालेपछि गर्भावस्थाको स्वास्थ्य परीक्षण सहज बन्दै गएको छ । टाढाका स्वास्थ्य संस्थामा पुगेर अल्ट्रासाउन्ड गराउनुपर्ने बाध्यता हटाउँदै तनहुँको व्यास नगरपालिका–९ स्थित गजुरे स्वास्थ्य चौकीबाट ग्रामीण अल्ट्रासाउन्ड सेवा सञ्चालन गरिएको छ ।

गजुरे स्वास्थ्य चौकीमा सेवा सुरू भएपछि स्थानीय तथा आसपासका ग्रामीण क्षेत्रका गर्भवती महिलाले नियमित स्वास्थ्य परीक्षणका लागि टाढा जानुपर्ने अवस्था कम भएको छ । स्वास्थ्यकर्मीका अनुसार अल्ट्रासाउन्डबाट गर्भावस्थाको अवस्था, गर्भमा रहेको शिशुको विकास तथा सम्भावित जटिलता समयमै पहिचान गर्न सकिने भएकाले सेवा प्रभावकारी बन्दै गएको छ ।

स्वास्थ्य चौकीको सार्वजनिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/०८३ मा २० वर्षमुनिका २० जना र २० वर्षमाथिका १३८ जना गरी १५८ जना गर्भवती महिलाले ग्रामीण अल्ट्रासाउन्ड सेवा लिएका थिए । चालु आर्थिक वर्ष २०८३/०८४ मा हालसम्म थप २७ जना गर्भवती महिलाले सेवा लिइसकेका छन् ।



गजुरे स्वास्थ्य चौकीमा सिनियर अनमी नर्सिङ कर्मचारी अञ्जु भुजेलले ग्रामीण अल्ट्रासाउन्ड सेवा प्रदान गर्दै आएकी छन् । स्थानीय स्वास्थ्य संस्थामै अल्ट्रासाउन्ड सेवा उपलब्ध भएपछि गर्भवती महिलाको नियमित परीक्षणसँगै गर्भावस्थामा देखिन सक्ने समस्या पहिचानमा समेत सहयोग पुगेको स्वास्थ्यकर्मीहरूको भनाइ छ ।

अल्ट्रासाउन्डका माध्यमबाट गर्भमा रहेको शिशुको विकासको अवस्था हेर्नुका साथै गर्भावस्थामा देखिन सक्ने विभिन्न सम्भावित जटिलताको प्रारम्भिक पहिचान गर्न सकिन्छ । जटिलता देखिएमा समयमै थप परीक्षण, उपचार वा विशेषज्ञ सेवाका लागि सिफारिस गर्न सहज हुने स्वास्थ्यकर्मी बताउँछन् ।

व्यास नगरपालिका स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख प्रमोद सोतीले ग्रामीण क्षेत्रमा गर्भवती महिलाका लागि स्थानीय स्तरमै अल्ट्रासाउन्ड सेवा उपलब्ध हुनु महत्वपूर्ण उपलब्धि भएको बताए।

"स्थानीय स्वास्थ्य संस्थामै सेवा उपलब्ध हुँदा गर्भवती महिलालाई स्वास्थ्य परीक्षणका लागि टाढा जानुपर्ने बाध्यता कम भएको छ", उनले भने, "समयमै स्वास्थ्य अवस्था पहिचान गरी आवश्यक परे थप उपचार तथा विशेषज्ञ सेवाका लागि सिफारिस गर्न पनि ग्रामीण अल्ट्रासाउन्ड सेवा उपयोगी बनेको छ ।"

ग्रामीण तथा दुर्गम क्षेत्रका महिलाले गर्भावस्थामा आवश्यक स्वास्थ्य परीक्षणका लागि लामो दूरी तय गर्नुपर्ने अवस्था अन्त्य गर्दै स्थानीय स्वास्थ्य संस्थाबाटै गुणस्तरीय सेवा उपलब्ध गराउने उद्देश्यले ग्रामीण अल्ट्रासाउन्ड सेवा सञ्चालन गरिएको हो ।

स्थानीय स्तरमै सेवा उपलब्ध हुँदा आर्थिक अवस्था कमजोर भएका तथा यातायातको सहज पहुँच नभएका गर्भवती महिलालाई विशेष राहत पुगेको छ । नियमित गर्भ जाँचसँगै आवश्यकताअनुसार अल्ट्रासाउन्ड सेवा लिन पाउने भएपछि मातृ तथा शिशु स्वास्थ्य सुरक्षामा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## सुत्केरी आमालाई पोषिलो आहार

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिका–१, सालबिस्नेमा रहेको स्वास्थ्य आमा समूहले सुत्केरी आमालाई पोषिलो तथा सन्तुलित आहार उपलब्ध गराएको छ। समूहले मातृ तथा शिशु स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले समुदायका सुत्केरी महिलालाई नियमित रूपमा पौष्टिक सामग्री प्रदान गर्दै आएको हो ।



यसैक्रममा समूहले सुत्केरी बिपना तामाङलाई लोकल कुखुराको भाले, घ्यु, फलफूल, हरियो सागसब्जी र अण्डालगायतका पौष्टिक सामग्री उपलब्ध गराएको छ। सुत्केरी अवस्थामा आमा र शिशुको स्वास्थ्यका लागि आवश्यक पोषणमा सहयोग पुर्‍याउने उद्देश्यले यस्तो कार्यक्रम सञ्चालन गरिएको समूहले जनाएको छ।

पोषिलो आहार प्रदान गर्ने कार्यक्रममा भानु नगरपालिका स्वास्थ्य शाखा प्रमुख ऐश्वर्यचन्द्र भट्टराई, स्वास्थ्य सेवा केन्द्र प्रमुख सन्तोष श्रेष्ठ, स्वास्थ्यकर्मी अन्जु श्रेष्ठ, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मायादेवी तामाङ तथा स्वास्थ्य आमा समूहकी अध्यक्ष शिक्षा गुरूङ लामा लगायतको उपस्थिति थियो ।

समूहले सुत्केरी अवस्थामा आमालाई आवश्यक पोषण उपलब्ध गराउँदा शारीरिक स्वास्थ्यमा सुधार ल्याउन तथा नवजात शिशुको हेरचाहमा समेत सहयोग पुग्ने जनाएको छ। समुदायमा रहेका सुत्केरी महिलालाई लक्षित गरी पोषिलो आहार उपलब्ध गराउने कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिइने समूहकी अध्यक्ष शिक्षा गुरूङ लामाले बताइन् ।

स्थानीयस्तरमा आमा समूहले सञ्चालन गरेको यस्तो पहलले सुत्केरी आमाको पोषणमा सहयोग पुग्नुका साथै मातृ तथा शिशु स्वास्थ्यप्रति समुदायको चासो र जिम्मेवारी बढाउनसमेत योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## विजयपुर खोलामा बगेर दुई बालक बेपत्ता

भञ्ज्याङ समाचारदाता/कास्की

पोखराको विजयपुर खोलाले शनिबार बगाएर दुई बालक बेपत्ता भएका छन् । बेपत्ता हुनेमा स्याङ्जाको बिरूवा गाउँपालिका–७ घर भई हाल पोखरा–१४ छिनेडाँडा बस्ने चन्द्रबहादुर गुरूङको छोरा १४ वर्षीय निकसन गुरूङ र खोटाङ स्थायी घर भई हाल पोखरा–१४ चाउथे बस्ने सुवास राईको १५ वर्षीय छोरा ओमन राई रहेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिए । उनका अनुसार बालकको खोजीका लागि विजयपुर खोलाको दुवैतर्फ प्रहरी परिचालन गरिए पनि फेला पार्न सकिएको छैन। उनले भने, "विजयपुर नहरको पानी बन्द गरेरसमेत बगाएका बालकको खोजी गरिरहे पनि केही फेला पार्न सकेका छैनौं, खोजतलास भइरहेको छ ।"

पोखरा–१४ को विजयबस्तीबाट विजयपुर खोला तरेर पोखरा–२६ सक्नेरीतर्फ जाने क्रममा भगवती हाइड्रोपावर नजिक उनीहरूलाई दिउँसो १:०० बजेतिर खोलाले बगाएको थियो। घटनाको सूचनालगत्तै जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय शिशुवा, वडा प्रहरी कार्यालय रामबजारबाट प्रहरी खोजीमा खटिएका छन् ।

## राष्ट्रिय परिचयपत्रसहितका सेवा अब टोकन प्रणालीबाट

भञ्ज्याङ समाचारदाता/दमौली

जिल्ला प्रशासन कार्यालय तनहुँले राष्ट्रिय परिचयपत्रसहित विभिन्न सेवा प्रवाहलाई थप व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन टोकन प्रणाली लागू गर्ने भएको छ।

कार्यालयले साउन ३१ गते आइतबारदेखि राष्ट्रिय परिचयपत्र सेवामा नयाँ टोकन प्रणालीमार्फत सेवा प्रवाह गर्ने जनाएको छ । नयाँ व्यवस्थासँगै सेवाग्राहीले सेवा लिन लामो समयसम्म लाइनमा बस्नुपर्ने छैन । टोकन लिएपछि आफ्नो पालो नआएसम्म अन्यत्र बसेर वा आफ्नो काममा लागेर पालो कुर्न सकिनेछ ।

सेवाग्राहीलाई उपलब्ध गराइने टोकनमा रहेको क्यूआर कोड स्क्यान गरी आफ्नो मोबाइलबाटै सेवाग्राहीको पालो कहाँसम्म पुगेको छ र आफ्नो पालो आए–नआएको जानकारी लिन सकिने व्यवस्था गरिएको छ । यसले सेवाग्राहीलाई कार्यालय परिसरमै लामो समयसम्म प्रतीक्षा गर्नुपर्ने बाध्यता हटाउने अपेक्षा गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार भदौ १ गतेदेखि राष्ट्रिय परिचयपत्र, राहदानी, नागरिकता तथा नयाँ नागरिकताको प्रतिलिपिसम्बन्धी सेवा समेत टोकन प्रणालीबाटै प्रवाह गरिनेछ ।

राष्ट्रिय परिचयपत्र सेवा सार्वजनिक बिदाका दिनमा समेत सञ्चालन हुँदै आएको कार्यालयले जनाएको छ । टोकन प्रणाली कार्यान्वयनसँगै सेवा प्रवाहमा हुने भीडभाड र अव्यवस्था कम हुनुका साथै सेवाग्राहीको समयको बचत हुने अपेक्षा गरिएको छ ।

नयाँ प्रणालीमा सेवाग्राहीले टोकनमा उपलब्ध क्यूआर कोड स्क्यान गरी आफ्नो पालोको अवस्थाबारे जानकारी लिन सक्ने भएकाले घरमै बसेर, बजारमा खाजा खाँदै वा अन्य काममा व्यस्त रहेकै अवस्थामा समेत आफ्नो पालो अनुगमन गर्न सक्नेछन् ।

## ग्याँस वितरणको अनुगमन गर्न तनहुँमा 'द्रुत प्रतिकार्य टोली'

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँमा ग्याँस वितरण प्रणालीको प्रभावकारी अनुगमन तथा निरीक्षणका लागि सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीको संयोजकत्वमा द्रुत प्रतिकार्य टोली गठन गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयद्वारा गठित टोलीमा रेग्मीसहित नेपाल प्रहरीका अधिकृत प्रतिनिधि, उद्योग वाणिज्य संघ तनहुँका प्रतिनिधि, सम्बन्धित स्थानीय तहका अधिकृत प्रतिनिधि सदस्य रहनेछन् भने एकीकृत सेवा कार्यालय तनहुँका अधिकृत प्रतिनिधि सदस्य सचिव रहने व्यवस्था गरिएको छ ।



टोलीले ग्याँस वितरणसम्बन्धी व्यवस्थाको नियमित छड्के अनुगमन तथा गुनासोका आधारमा लक्षित क्षेत्रमा निरीक्षण गर्ने प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले बताए। अनुगमनका क्रममा गम्भीर लापरबाही वा कानुन उल्लङ्घन गरेको भेटिएमा प्रचलित कानुनअनुसार ग्यास भण्डारणस्थल सिल गर्ने, बढी मौज्दात फिर्ता गर्न लगाउने, दर्ता पुस्तिका तथा अभिलेख जाँच गर्ने र जरिवानासमेत गरिने उनले जानकारी दिए ।

ग्याँसको वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन जिल्ला प्रशासन कार्यालयले नयाँ व्यवस्थासमेत लागू गरेको छ । प्रशासनले एक परिवारलाई एकपटकमा एक सिलिण्डर मात्रै ग्याँस वितरण गर्नुपर्ने व्यवस्था लागू गर्दै डिलरदेखि खुद्रा विक्रेतासम्मको कारोबारमा कडाइ गरेको हो ।

ग्याँसको वितरणमा हुने अनियमितता, कृत्रिम अभाव तथा बढी मौज्दात नियन्त्रण गर्न यस्तो व्यवस्था गरिएको प्रजिअ तिवारीले बताए । उनले भने, "नयाँ व्यवस्थाअनुसार ग्याँस डिलरले अब आफैं सिलिण्डर बिक्री गर्न पाउने छैनन् । डिलरले उपडिलर तथा थोक विक्रेतामार्फत ग्याँस वितरण गर्नुपर्नेछ। कुन उपडिलर वा थोक विक्रेतालाई कति परिमाणमा ग्याँस पठाइएको हो भन्ने विवरण कम्पनीको नाम, ठेगाना र परिमाणसहित डिलरको परिसरमा सार्वजनिक गर्नुपर्नेछ । उक्त विवरण जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनुपर्ने छ ।"

त्यस्तै, डिलरले उद्योगबाट प्राप्त ग्यासको दैनिक मौज्दात

बाँकी दोश्रो पेजमा

# 'अनि बन्यो बन्दीपुरमा मानकाजीको वन'

♦ प्रगति ढकाल

तीन दशकअघि तनहुँको बन्दीपुर गाउँपालिका–१ का मानकाजी श्रेष्ठका लागि काठ नै जीविकोपार्जनको मुख्य आधार थियो । काठको व्यापार र उद्योगबाट परिवारको गुजारा चलिरहेको थियो । सुरूसुरूमा उद्योगका लागि चाहिने कच्चा पदार्थ अर्थात् काठ सहजै पाइरहनुहुन्थ्यो। त्यसैले एकदिन काठकै अभावमा आफ्नो उद्योग बन्द गर्नुपर्ने अवस्था आउला भन्ने उहाँले कल्पनासमेत गर्नुभएको थिएन। तर समय सधैँ एउटै रहेन । काठ पाउन जङ्गल चहार्नुपर्ने अवस्था आयो । बजारमा पनि आवश्यक परिमाणमा काठ पाउन कठिन हुन थाल्यो ।

अन्ततः कच्चा पदार्थको अभावमा उहाँको काष्ठ उद्योग बन्द हुने अवस्थामा पुग्यो । उद्योग बन्द हुने पीडाले उहाँलाई निराश मात्र बनाएन, आफ्नै तरिकाले समस्या समाधान गर्ने अठोट पनि जन्मायो । "काठ नै नपाएर उद्योग बन्द गर्नुपर्ने अवस्था अरूलाई नआओस् भन्ने लाग्यो । त्यसपछि आफैँ रूख रोप्छु, आफ्नै वन बनाउँछु भन्ने सोच आयो", श्रेष्ठ भन्नुहुन्छ। त्यही सोचले उहाँलाई व्यवसायीबाट वन उद्यमीतर्फ डोहोर्‍यायो ।

कृषि उत्पादनका लागि उर्वर मानिएको आफ्नो १२ रोपनी जग्गामा मानकाजीले सालका बिरूवा रोप्न थाल्नुभयो । खेतीयोग्य जमिनमा रूख रोप्न थालेपछि कतिपयले उहाँको निर्णयको आलोचनासमेत गरे । कृषि उब्जनी हुने जग्गा किन वन बनाउन लागेको ? भन्दै प्रश्न उठे । तर मानकाजी आफ्नो निर्णयबाट पछि हट्नुभएन । बुबाको साथ र आफ्नै इच्छाशक्तिले उहाँलाई अघि बढायो। वर्षौंअघि रोपिएका ती साना बिरूवा अहिले ठूला रूख बनिसकेका छन् ।

बिहानको समय आफ्नै हातले हुर्काएको वनमा बिताउँदा मानकाजीलाई आज पनि उत्तिकै आनन्द लाग्छ । "बिरूवा रोप्ने पहिल्यैदेखिको मेरो रूचि र काठ उद्योगमा कच्चा पदार्थ नपाउँदाको पीडाले मलाई वन आफैँ बनाउनुपर्छ भन्ने लाग्यो । त्यसपछि निजी वनमा सालका रूख लगाउन सुरू गरेको हुँ", श्रेष्ठ भन्नुहुन्छ, "अहिले त एभोकाडो र कागती पनि लगाएको छु ।" अहिले हरेक बिहान आफैँले बनाएका वनका हरियाली हेर्दै स्वच्छ हावाबाट श्वास फेर्दै चिरबिरचिरबिर चराचुरूङ्गीको आवाजमा हराउँदा उहाँलाई अझै बढी आनन्द आउने गरेको सुनाउनुहुन्छ ।

केही वर्षअघि लगाइएका बिरूवा अहिले रूख बनिसकेका छन् । त्यसपछि अहिले थप ३० रोपनी जग्गामा एभोकाडो र कागतीका बोट लगाउनुभएको छ । मानकाजीका लागि हरित अर्थतन्त्र उत्पादनको स्रोत बनेको छ, उहाँको निजी वन। त्यसबेला उहाँलाई आजजस्तो वनबाट आम्दानी लिन सकिन्छ भन्ने लागेको थिएन तर सानैदेखि बिरूवा लगाउने, हरियालीमा गएर बस्न, खेल्न मन पराउने उहाँको स्वभाव थियो । त्यही प्रकृतिको मोहले उहाँलाई वन उद्यमी बनायो ।

पहिला पहिला वनलाई घाँसदाउरा लिन सहज हुन्छ भनेर लगाउने गरिन्थ्यो। वन जीविकोपार्जनमुखी थियो । व्यवसायीमुखी बन्दै जान थालेको छ । "बिरूवा रोप्ने पहिल्यैदेखिको मेरो रूचि र काठ उद्योगमा कच्चा पदार्थ नपाउँदाको पीडाले मलाई वन आफैँ बनाउनुपर्छ भन्ने लाग्यो, अनि निजी वनमा सालका रूख लगाउन सुरू गरेको हुँ, अहिले त एभोकाडो र कागती पनि लगाएको छु", मनकाजी श्रेष्ठ भन्नुहुन्छ, "अहिले त म काठमाडौँमा छु । तर मलाई कहिले घर पुगेर आफ्नो वन वरपर घुमौँ जस्तो भइसक्यो । वरपर घुम्दा पनि एकदमै रमाइलो लाग्छ ।"

रूखको संख्या यकीन गर्न उहाँलाई नै गाह्रो छ । श्रेष्ठका अनुसार अहिले वनमा रहेका रूखको मूल्य मात्रै हेर्दा लाखौँ रूपैयाँ बराबरको सम्पत्ति तयार भएको छ । "रूखहरू त थुप्रै छन्, गनेर साध्य नै छैन", श्रेष्ठ भन्नुहुन्छ, "अहिले राम्रोसँग काटेर बेच्न पाउने व्यवस्था भयो भने आधा करोड मूल्य बराबरका रूख बेच्न मिल्ने अवस्थामा छन् ।" एउटा रूख काट्दा त्यसको ठाउँमा नयाँ रूख हुर्काउने र वनलाई निरन्तर उत्पादनशील बनाइराख्ने उहाँको सोच छ । "यदि १० वटा रूख काटियो भने २० वटा त




हुर्काउनुपर्‍यो नी !", उहाँ भन्नुहुन्छ ।

**बुबाको प्रभावले बनायो वन उद्यमी**

उहाँका बुबाको पालादेखि नै घर वरिपरि विभिन्न प्रजातिका रूखबिरूवा रोप्ने गरिएको थियो । त्यसैको प्रभाव आफूमा पनि परेको श्रेष्ठको भनाइ छ । "घर वरिपरि पनि रूखबिरूवा रोप्न असाध्यै मन लाग्थ्यो", उहाँ भन्नुहुन्छ, "बुबाहरूको पालादेखि नै रूखबिरूवा रोपिराख्नुहुन्थ्यो।" पछि उहाँ आफैँ काष्ठ उद्योगमा जोडिनुभयो। उहाँका अनुसार २०४६/४७ सालतिरै काष्ठ उद्योग सञ्चालनमा थियो ।

उद्योगका लागि काठ आवश्यक पर्न थालेपछि जङ्गल खोज्दै हिँड्नुपर्ने अवस्थाको अन्त्य गर्न आफैँ बिरूवा रोप्न अग्रसर हुनुभएको हो मानकाजी । काठको आवश्यकता र वनसँगको आफ्नो रूचि जोडिँदै गएपछि श्रेष्ठले आफ्नै जग्गामा रूख हुर्काउने योजनालाई बुबाले साथ दिनुभयो । आफ्नै जग्गामा सुरूमा साल, सिसौलगायतका रूख रोप्न थाल्नुभयो ।

**सालको वनमा लाखौँको सम्भावना**

श्रेष्ठको निजी वनमा प्रायः सालका रूख छन्। उहाँले लामो समयदेखि सालका रूख संरक्षण गर्दै आउनुभएको छ । वनमा रहेका सालका रूख हुर्किसकेका छन् । झरेका सालका पात पनि ठूलो परिमाणमा छन् । श्रेष्ठको वन उद्यमबाट आर्थिकोपार्जनको सपना काठमा मात्र सीमित छैन । सालको पातबाट दुनाटपरी उत्पादन गर्ने योजना पनि उहाँको छ ।

सालको पातलाई सामान्यतया वनमा झरेर कुहिने वस्तुका रूपमा हेर्ने गरिए पनि उहाँ त्यसलाई कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिने सम्भावना देख्नुहुन्छ । दुनाटपरी उत्पादनका लागि आवश्यक मेसिन, लागत र बजारबारे अध्ययन गरेर स्थानीयलाई रोजगारी दिने उहाँको योजना छ । "सालका पातबाट दुनाटपरी बनाउने र स्थानीयलाई रोजगारी दिने मेरो इच्छा छ", उहाँ भन्नुहुन्छ ।

वनमा उत्पादन हुने हरेक वस्तुलाई आर्थिक मूल्यमा रूपान्तरण गर्ने श्रेष्ठको योजना प्रशंसनीय छ । सालको रूखबाट काठसँगै पात अर्को उत्पादन बन्न सक्छ। फलफूलले थप आम्दानी दिन सक्छ । यसरी एउटै वन स्रोतबाट विभिन्न प्रकारका आर्थिक गतिविधि सिर्जना गर्न सकिने उहाँको सोच छ। वन हुर्काउन वर्षौं लाग्छ। बिरूवा रोपेको केही समयमै आम्दानी आउँदैन । संरक्षण, गोडमेल, व्यवस्थापन र लामो प्रतीक्षापछि मात्रै रूखले आर्थिक मूल्य प्राप्त गर्छ । श्रेष्ठ निजी वनलाई दीर्घकालीन लगानीका रूपमा बुझ्नुपर्ने बताउनुहुन्छ ।

"रूख हुर्काउनेलाई प्रोत्साहन चाहिन्छ, र काटेर बजारमा बेच्न सहज रूपमा जहिले जतिबेला पनि आउने कानुन व्यवस्था भएमा अझै उत्साह बढ्छ", उहाँ भन्नुहुन्छ, "आफैँले रोपेको बिरूवा आफैँले काट्न पाइएन भने त उत्साह पनि हुँदैन नी ।"

श्रेष्ठको गुनासो भने निजी वनको उत्पादन बजारसम्म लैजाने क्रममा देखिने प्रक्रियागत झन्झटिलोपनमा छ । उहाँका अनुसार निजी वनसम्बन्धी कानुनी व्यवस्था भए पनि व्यवहारमा रूख कटान तथा उपयोगका क्रममा विभिन्न प्रक्रिया र अवरोधले निजी वनधनीलाई निरूत्साहित बनाउने गरेको छ । "निजी वनमा राम्रो सम्भावना छ, तर सरकारी सम्बन्धित निकायबाट अझै सहज वातावरण बन्नुपर्छ", उहाँ भन्नुहुन्छ ।

श्रेष्ठ निजी वनमा लामो समय श्रम र लगानी गरेका व्यक्तिलाई प्रोत्साहन गर्नुपर्ने पक्षमा हुनुहुन्छ । निजी वनबाट उत्पादन हुने काठ तथा अन्य वन पैदावारलाई व्यवस्थित रूपमा बजारमा लैजान सकिएमा यसले आयात घटाउन र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनसक्ने उहाँको विश्वास छ ।

नेपालमा ठूलोमात्रामा वन स्रोत रहे पनि त्यसको उपयोगबाट पर्याप्त आर्थिक लाभ लिन नसकिएको मानकाजी बताउनुहुन्छ । "वनपैदावार निजी वनमा छन्, सामुदायिक वनमा छन्, कबुलियती वनमा छन्", उहाँ भन्नुहुन्छ, "तर व्यवस्थापन सम्बन्धी राम्रो नीति नहुँदा धेरै वन पैदावार कुहिएर जाने अवस्था छ ।"

**बाँदरबाट जोगाउन एभोकाडो**

वनसँगै मानकाजीले विभिन्न फलफूलका बिरूवा लगाउने योजना बनाउनुभयो । तर पछिल्लो समय बाँदरले हैरानी बनायो। घरघर आएर तरकारी, फलफूल तथा अन्य कृषि बालीमा हानि गर्न थाल्यो । बाँदरको समस्याबाट जोगाउन उहाँलाई एभोकाडो रोप्ने योजना बनाउनुभयो । "अन्य फलफूल खेती गरौँ भने बाँदरबाट जोगाउनै नसकिने। एभोकाडो चाहिँ बाँदरले नखाने रहेछ", श्रेष्ठ भन्नुहुन्छ, "विस्तारै हामीले बाँदरले नखाने खेतीको विकल्प खोज्नुपर्ने बेला आएको छ ।"

कागती र एभोकाडो संरक्षण गर्न उहाँले तारजाली लगाउनुभएको छ । गाईबस्तुले बिरूवा नष्ट गर्नसक्ने भएकाले करिब २०–३० रोपनी क्षेत्रफल जालीले घेरेर खेती विस्तार गरिरहेको श्रेष्ठको भनाइ छ । यसले उहाँको वन व्यवस्थापनको सोचलाई अझ फराकिलो बनाएको छ । वनबाट काठ मात्रै नभएर प्रकृति संरक्षण, फलफूल, गैरकाष्ठ वन पैदावार र अन्य उत्पादनलाई समेटेर आयआर्जन गर्न सकिने क्षेत्र पनि हो भन्ने उहाँको अभ्यासले देखाउँछ ।

नेपालमा रोजगारीको खोजीमा ठूलो संख्यामा युवा विदेश जाने अवस्था रहेका सन्दर्भमा स्थानीय स्रोतमा आधारित उद्यमलाई प्राथमिकता दिनुपर्ने उहाँको धारणा छ । श्रेष्ठका अनुसार सरकारले वन स्रोतमा आधारित साना तथा मझौला उद्योग सञ्चालनका लागि सहज वातावरण बनाउनसके ग्रामीण क्षेत्रमा रोजगारीका अवसर विस्तार गर्न सकिन्छ। श्रेष्ठको वनबाटै आर्थिक समृद्धिको सम्भावना बोकेको प्रतिनिधिमूलक उदाहरण हो । उहाँको यही सफल अभ्यासलाई कदर गर्दै वन तथा भू–संरक्षण विभागले निजी वन राष्ट्रिय पुरस्कारबाट यही साता श्रेष्ठलाई रू ५० हजार राशिसहित पुरस्कृत गरेको छ ।

**वनलाई हरित अर्थतन्त्रको आधार बनाइने**

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले वनलाई संरक्षणसँगै आयआर्जन र रोजगारीको प्रमुख आधारका रूपमा विकास गर्ने सरकारको नीति रहेको बताउनुभएको छ । उहाँले 'हरियो वन, नेपालको धन' भन्ने अवधारणाको सार्थक कार्यान्वयन गर्ने समय आएको उल्लेख गर्दै वनसम्पदालाई आयआर्जनको प्रमुख स्रोतका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ । "वनजन्य उद्योग, जडीबुटी प्रशोधन, पर्या–पर्यटन र कार्बन व्यापारमार्फत वन सम्पदाबाट स्थानीय समुदायले आर्थिक लाभ लिन सक्छन्," मन्त्री चौधरीले भन्नुभयो, "वनमा आधारित उद्यम विकासलाई प्राथमिकता दिँदै वनजन्य उत्पादनको मूल्य अभिवृद्धि, प्रशोधन र बजारीकरणसँगै हरित रोजगारी सिर्जनामा जोड दिएका छौँ ।" मन्त्री चौधरीले काठ, बाँस तथा गैरकाष्ठ वन पैदावारलगायत स्वदेशी उत्पादनको दिगो उपयोग र प्रवर्द्धनलाई प्रोत्साहन गरिने बताउनुभयो।

**नेपालमा पाँच हजार बढी निजी वन**

वन विभागका वन अधिकृत विजय ढकालले नेपालमा पाँच हजार ५१४ वटा निजी वनले दुई हजार ९८९ दशमलव १० हेक्टर ओगटेको जानकारी दिनुभयो । "सबैभन्दा बढी कोशी प्रदेशमा दुई हजार २२२ वटा निजी वन रहेका छन् । यसैगरी मधेसमा एक हजार १९५, बागमतीमा ६६८, गण्डकीमा ४२३ लुम्बिनीमा ५३७, कर्णालीमा १७० र सुदूरपश्चिममा २९९ वटा निजी वन रहेका छन्", उहाँले भन्नुभयो । राष्ट्रिय वन नीति २०७५ मा फलफूल लगायत कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिकोपार्जनको माध्यमको रूपमा विकास गर्ने उद्देश्य राखिएको छ । रासस

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७,
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com,
newsbhanjyang@gmail.com

## तपाईंको आज

| राशि | |
|---|---|
| मेष | पारिवारिक सहयोग, व्यवसायमा सामान्य सुधार आउनेछ। खर्च बढ्न सक्ने भएकाले आर्थिक कारोबारमा सजग रहनुहोस्। |
| वृष | आम्दानीको नयाँ स्रोत भेटिन सक्छ। साथीभाइ तथा आफन्तबाट सहयोग प्राप्त हुनेछ। |
| मिथुन | कामको व्यस्तता बढ्नेछ। महत्वपूर्ण निर्णय लिनुअघि अनुभवी व्यक्तिको सल्लाह लिनु राम्रो हुनेछ। |
| कर्कट | आजको दिन उत्साहजनक रहनेछ। नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। सामाजिक क्षेत्रमा प्रतिष्ठा बढ्नेछ। |
| सिंह | आर्थिक पक्ष बलियो बन्ने संकेत छ। जागिर तथा व्यवसायमा नयाँ अवसर आउन सक्छ। |
| कन्या | आर्थिक कारोबारमा लाभ मिल्न सक्छ। अध्ययन तथा प्रतिस्पर्धात्मक क्षेत्रमा सफलता प्राप्त हुनेछ। |
| तुला | व्यवसायमा सामान्य प्रगति हुनेछ। पारिवारिक विषयमा केही असमझदारी हुनसक्ने भएकाले संयमित व्यवहार गर्नुहोस्। |
| वृश्चिक | आत्मविश्वास बढ्नेछ। महत्वपूर्ण काममा सफलता हात लाग्नेछ। आर्थिक लाभको सम्भावना छ। |
| धनु | नयाँ योजना बनाउने दिन हो। काममा चुनौती आए पनि मेहनतले सफलता दिलाउनेछ। |
| मकर | रोकिएका आर्थिक तथा व्यावसायिक काम अघि बढ्नेछन्। सामाजिक क्षेत्रमा सम्मान मिल्नेछ। |
| कुम्भ | आजको दिन मिश्रित फलदायी रहनेछ। काममा केही अवरोध आए पनि प्रयास जारी राख्नुहोस्। |
| मीन | नयाँ काम सुरू गर्न अनुकूल समय छ। पारिवारिक तथा सामाजिक क्षेत्रमा सम्मान प्राप्त हुनेछ। |

# फेरिंदैछ सम्बन्ध बिच्छेदको उद्देश्य र कारण

सन्तोष गौतम/म्याग्दी

जिल्लामा सम्बन्ध बिच्छेदको कारण र उद्देश्य फेरिन थालेको छ। पारिवारिक बेमेलभन्दा पनि 'डिपेन्डेन भिसा'मा विदेश जाने उद्देश्यले सम्बन्ध बिच्छेद गर्ने चलन बढेको हो । अदालतमा गत आर्थिक वर्ष २०८२/०८३ मा दर्ता भएका ५९१ मध्य ३४५ अथवा ५८ प्रतिशत मुद्दा सम्बन्ध बिच्छेदका छन् । जिल्ला अदालतका श्रेस्तेदार जगतबहादुर भण्डारीले गत आर्थिक वर्षमा दर्ता भएका सम्बन्ध बिच्छेदका मुद्दा मध्ये २८५ मुद्दा फस्यौट र ६० चालु आर्थिक वर्षमा जिम्मेवारी सरेको बताउनुभयो ।

"आर्थिक वर्ष २०७९/०८० देखि २०८२/०८३ मा वार्षिक ३०० को हाराहारीमा सम्बद्ध बिच्छेदका मुद्दा दर्ता भएका देखिन्छन्", उहाँले भन्नुभयो "अधिकांश महिला सम्पत्ति वा अंश नलिई, केवल छोराछोरीको संरक्षण आफूले गर्ने सर्तमा मात्रै सम्बन्ध विच्छेद गर्न तयार भएको देखिन्छ ।" गत आवमा दर्ता भएका कुल २९८ सम्बन्ध बिच्छेदका नयाँ मुद्दामध्ये महिलाबाट २५९ र पुरुषबाट मात्र ३९ थान मुद्दा परेका थिए । अदालतको अभिलेख अनुसार आव ०७८/७९ मा २८० थान, आव ०७९/८० मा ३०३, आव ०८०/८१ मा ३०० र आव ०८१/८२ मा ३१४ सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका



श्रेस्तेदार भण्डारीले बताउनुभयो ।

**फेरिएको उद्देश्य र कारण**

म्याग्दी बहुमुखी क्याम्पसका प्रमुख श्रीधर सुवेदीले वैदेशिक रोजगारका लागि कागजात बनाउने उद्देश्यले अदालतमा विवाह र सम्बन्ध विच्छेद गर्ने धेरै हुने गरेका बताउनुभयो। "पारिवारिक बेमेल भएर एकअर्कासँगै बस्न नसक्ने भएरभन्दा पनि 'डिपेन्डेन भिसा'मा विदेश जाने उद्देश्यले सम्बन्ध बिच्छेद गराउने र वैदेशिक रोजगारको प्रयास सफल र असफल भएमा अदालतमै विवाह गरेर पुर्नमिलन हुने गरेको हामीले गरेको अध्ययनबाट देखिएको छ।"

युवा र बयस्क उमेर समूहका मानिस विद्यालय र क्याम्पस पढ्ने उमेर समूहका बालबालिका तथा किशोर किशोरीलाई घर तथा माइतिका वृद्ध बुवा, आमाको जिम्मा लगाएर 'डिपेन्डेन' भिसामा विदेश जाने चलनले सामाजिक र सांस्कृत क्षेत्रमा प्रभाव देखिन थालेका क्याम्पस उहाँको भनाइ छ । अस्ट्रेलीया, जापान, पोर्चुगल, क्यानडालगायत देशमा गएकासँग विवाह गर्ने र वैदेशिक रोजगारको उद्देश्य सकिएपछि सम्बन्ध बिच्छेद गर्ने धेरै देखिएका छन् । गत वर्ष अदालतमा ४४ जोडीले विवाह गरेका छन् ।

बेलायत सरकारले पछिल्लो समय गोर्खा सैनिकका परिवारका सदस्यको आवासीय भिसासम्बन्धी नियम परिवर्तन गरेपछि सम्बन्ध बिच्छेद गर्न आउनेको संख्या कम हुनुले पनि वैदेशिक रोजगार र सम्बन्ध बिच्छेदको सम्बन्ध पुष्टि गरेको जिल्ला न्यायाधिश सुर्यबहादुर थापाले बताउनुभयो । "महिला कुनै करकाप, दबाव, प्रभाव वा भुक्यानमा परेर अंश दाबी नगरी मञ्जुर भएका हुन् कि भन्नेमा अदालत गम्भीर र संवेदनशिल छ", उहाँले भन्नुभयो "उनीहरूको अधिकार र सुरक्षा सुनिश्चित गर्न अंश/सम्पत्तिमा दाबी नगर्ने महिलाका माइती पक्षका बाबा, आमा, दाजुभाइ, मामा वा भरपर्दा आफन्तलाई अनिवार्य रोहवरमा राख्ने गरिएको छ। यसले महिलामाथि हुन सक्ने सम्भावित अन्याय रोक्न सघाएको छ ।"

**फैसला कार्यान्वयन चुनौतिपूर्ण**

अदालतका फैसला कार्यान्वयन गर्नु पछिल्लो समय मुख्य चुनौती बनेको छ । आर्थिक वर्ष २०८१/०८२ बाट जिम्वेवारी सरेर आएका १३६ र नयाँ दर्ता भएका ४५५ मध्य ३९२ अथवा ६६ दशमलव ३२ प्रतिशत मुद्दा फस्यौट भएको छ । २०४ वटा मिलापत्र र १८८ वटाको फैसला गरिएको हो ।

अदालतले विभिन्न समयमा गरेका फैसलामा दोषी ठहर गरेकाबाट रू तीन करोड ७२ लाख ४२ हजार ४९९ जरिवाना र ५४६ वर्ष आठ महिना १२ दिन कैद सजाय असुल उपर गर्न बाँकी रहेको तहसिलदार कृति थापाले बताउनुभयो । गत आर्थिक वर्षमा रू ७६ लाख ९० हजार ६३३ जरिवाना र ३८७ वर्ष पाँच महिना २० दिन कैद सजाय असुल उपर भएको थियो ।

गत वर्ष फैसला कार्यान्वयनका लागि ८९ वटा निवेदन परेकामा ६६ वटाको फस्यौट भएको छ । यसैगरी विभिन्न मुद्दासँग सम्बन्धित ३६ जना व्यक्ति पुर्जीमा पठाइएको छ। कैद वा जरिवाना ठहर भएका व्यक्तिलाई कानुनी दायरामा ल्याउन र जरिवाना असुल गर्न प्रहरी, अदालत र स्थानीय तहसम्म लगत न्यायाधिश थापाले बताउनुभयो । त्यस्ता व्यक्ति सरकारी सेवा, सिफारिस वा कागजात बनाउन आउँदा सेवा रोक्न र असुलीमा सहयोग गर्न पत्राचार गरिए गरिएको उहाँले बताउनुभयो । रासस

**बालबालिकाको खाना तथा खाजाको रुपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।
**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।
**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, बिस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्कको चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तो भो नि हैन र ?
**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउने भ्याइदैन ।
**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।
**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चै नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली, तनहुँ । गण्डकी प्रदेश

# ग्याँस वितरणको अनुगमन ......

विवरण जिल्ला प्रशासन कार्यालयमा बुझाउनुपर्नेछ । उपडिलर तथा थोक विक्रेताले आफूले प्राप्त गरेको ग्यास यसअघि पठाउँदै आएका खुद्रा पसलमा पठाउनुपर्ने र कुन खुद्रा विक्रेतालाई कति सिलिण्डर पठाइएको हो भन्ने विवरण ठेगानासहित आफ्नो परिसरमा सबैले देख्ने गरी सार्वजनिक गर्नुपर्ने तिवारीले बताए।

उनका अनुसार प्रशासनले उपभोक्ताका लागि समेत स्पष्ट व्यवस्था गरेको छ । खुद्रा विक्रेताले ग्याँस वितरण गर्दा एक परिवारलाई एक सिलिण्डर मात्रै उपलब्ध गराउनुपर्नेछ । ग्याँस लिन आउने ग्राहकको पहिचान गरी निजले यसअघि ग्याँस कहिले लगेको भन्ने विवरणसमेत हेर्नुपर्ने व्यवस्था गरिएको छ। खुद्रा विक्रेताले ग्राहकको नाम, ठेगाना र सम्पर्क नम्बर दर्ता पुस्तिकामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सहरमा कोठा भाडामा लिएर बस्ने विद्यार्थी तथा अन्य परिवारले पनि आफ्नो परिवारका लागि एक सिलिण्डर मात्रै लिनुपर्नेछ भने एउटा सिलिण्डर लिएपछि अर्को सिलिण्डरका लागि पालो पर्खनुपर्ने र एकभन्दा बढी सिलिण्डर मौज्दात राख्न नपाइने प्रशासनले जनाएको छ ।

उपभोक्ताको मागका आधारमा खुद्रा तथा थोक विक्रेताले माग संकलन गर्नुपर्नेछ भने संकलित मागका आधारमा डिलरमार्फत आवश्यक परिमाण निर्धारण गरी ग्यास आपूर्ति गर्ने उद्योग र जिल्ला प्रशासन कार्यालयमा विवरण पठाउनुपर्ने व्यवस्था गरिएको छ।

# तनहुँ जलविद्युत् आयोजनाले बनाइदियो विद्यालय भवन

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ जलविद्युत आयोजनाको सहयोगमा तनहुँको भिमाद नगरपालिका–५ ऋषिङपाटनस्थित दीपक माध्यमिक विद्यालयको भवन निर्माण सम्पन्न भएको छ । आयोजनाको सामाजिक उत्तरदायित्व विकास कार्यक्रममार्फत विद्यालयको सुविधासम्पन्न भवन निर्माण गरिएको हो । उक्त भवनको २०८० साल असोज ९ गते शिलान्यास



गरिएको थियो। सरकारको विद्यालय भवनसम्बन्धी प्रचलित मापदण्ड, नमूना डिजाइन तथा प्राविधिक विशिष्टताअनुसार निर्माण गरिएको भवनले विद्यार्थीका लागि सुरक्षित, विपद्–प्रतिरोधी तथा गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्न सहयोग पुऱ्याउने आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए।

उनका अनुसार रू ९४ लाख ५७ हजारको लागतमा भवन निर्माण गरिएको हो । विद्यालय भवन निर्माणको ठेक्का स्याङ्जास्थित निवास इन्जिनियरिङ कन्सल्टेन्सीले प्राप्त गरेको थियो । नयाँ भवनले आयोजना प्रभावित समुदायका विद्यार्थीका लागि थप व्यवस्थित र गुणस्तरीय शैक्षिक पूर्वाधार उपलब्ध गराउँदै अनुकूल सिकाइ वातावरण सृजना गर्ने भण्डारीले बताए। यसले सामाजिक पूर्वाधारको विकास तथा आसपासका समुदायको दीर्घकालीन शैक्षिक र सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको उनको भनाइ छ ।

विद्यालयका प्रधानाध्यापक उत्तम खनियाले नयाँ भवन निर्माण भएपछि अध्ययनमा सहज हुने बताए । आयोजनाले प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको छ । हालसम्म ९८ वटा योजनाहरु सम्पन्न भइसकेको र छवटा योजना सञ्चालनमा रहेको भण्डारीले जानकारी दिए ।

भिमाद नगरपालिका–५ स्थित फेदीखोला मोटरेबल पुल निर्माण, ऋषिङ गाउँपालिका–७ स्थित डाडीवन चुलेसी पहुँच मार्ग, भिमाद नगरपालिका–५ स्थित वानटाङ खोलामा पक्की पुल निर्माण, ऋषिङ गाउँपालिका–१ स्थित दीपक माध्यमिक विद्यालय भवन निर्माण, भिमाद नगरपालिका–५ स्थित ज्येष्ठ नागरिक सामुदायिक भवन निर्माणको काम जारी छ ।

## शिक्षक आवश्यकता

*विद्यालय सूचना प्रकाशित मिति : २०८३/०४/२९*

भानु नगरपालिकाको कार्यालय तनहुँको च.नं. ३६ मिति २०८३/०४/२९ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणी **सामाजिक** विषयको शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

**विज्ञापन नं.** : ००१/२०८३/०८४
१) **पद** : माध्यमिक तह तृतीय श्रेणी (करार)
२) **विषय** : सामाजिक ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता:** बि.एड. वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
६) **तलब** : नेपाल सरकारले तोके बमोजिम
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्ययन अनुमती पत्रको प्रतिलिपि, पासपोर्ट साइजको २ प्रति फोटो, हस्तालिखित निवेदन ।
९) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०५/१२ गतेसम्म
११) **सम्पर्क मिति** : २०८३/०५/१२ गते विद्यालय समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**नोट** : करार सूचिमा नाम भएका उम्मेदवारले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रमाणसहित उपस्थित भएमा योग्यता क्रमको आधारमा नियूक्तिको प्रक्रिया अगाडि बढाइने छ । करार सूचिका उम्मेदवार नआएमा खुल्ला उम्मेदवारबाट छनोट गरिनेछ ।

प्रधानाध्यापक

**श्री सरस्वती सदन माध्यमिक विद्यालय**
भानु न.पा.-५, मैवल, तनहुँ । सम्पर्क : ९८४६०६७३८३
Email : saraswotisadanmavi@gmail.com

## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**भदौ ०७ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइराइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबड हुने र महिनावारी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



# विद्यार्थीलाई 'म को हुँ ?' विषयमा जीवनोपयोगी सीप शिक्षा



**दुलेगौंडा ।** शुक्लागण्डकी नगरपालिकाको आर्थिक सहयोग तथा रूम टु रिड र सूर्योदय क्लबको प्राविधिक सहयोगमा सञ्चालित बालिका शिक्षा तथा लैङ्गिक समानता कार्यक्रमअन्तर्गत गाउँफर्कोदय माध्यमिक विद्यालयमा जीवनोपयोगी सीप शिक्षा सम्पन्न भएको छ ।

विद्यालयमा कक्षा ६ का विद्यार्थीलाई दोस्रो सत्रअन्तर्गत 'म को हुँ?' शीर्षकमा जीवनोपयोगी सीपसम्बन्धी शिक्षा प्रदान गरिएको हो । विद्यार्थीलाई आफ्नो पहिचान, क्षमता, रूचि, भावना तथा व्यक्तित्व बुझ्न र सकारात्मक रूपमा आत्ममूल्याङ्कन गर्न सहयोग पुर्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ ।

कार्यक्रममा विद्यार्थीलाई आफूभित्र रहेका क्षमता तथा विशेषता पहिचान गर्ने, आफ्ना भावना र विचारलाई बुझ्ने तथा आत्मविश्वासका साथ प्रस्तुत हुनेलगायतका विषयमा सहजीकरण गरिएको थियो। जीवनमा आइपर्ने विभिन्न परिस्थितिको सामना गर्न आवश्यक सीप विकास गर्ने उद्देश्यले पाठ्यक्रममा आधारित रहेर कक्षा सञ्चालन गरिएको आयोजकले जनाएको छ।

बालिका शिक्षा तथा लैङ्गिक समानता कार्यक्रमले विद्यालय तहका बालबालिकामा जीवनोपयोगी सीप विकाससँगै लैङ्गिक समानता, आत्मविश्वास र सकारात्मक सोच निर्माणमा जोड दिँदै आएको छ । स्थानीय तह, विद्यालय तथा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित यस्ता कार्यक्रमले विद्यार्थीको शैक्षिक विकाससँगै व्यवहारिक जीवनका लागि आवश्यक क्षमता अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

गाउँफर्कोदय माध्यमिक विद्यालयमा सञ्चालन गरिएको 'म को हुँ?' शीर्षकको कक्षाले विद्यार्थीलाई आफ्नै पहिचान र क्षमताबारे सोच्न तथा भविष्यमा आफूले हासिल गर्न चाहेको लक्ष्यतर्फ सकारात्मक रूपमा अघि बढ्न प्रेरित गरेको विद्यालयले जनाएको छ ।

# बेनी-जोमसोम-कोरला सडक : हालसम्म आठ अर्ब ९६ करोड खर्च

**सुन्दरकुमार थकाली/मुस्ताङ**

चीन र भारतलाई जोड्ने त्रिदेशीय (बेनी-जोमसोम-कोरला) सडकमार्ग योजनाका लागि आठ अर्ब ९६ करोड बढी वित्तीय खर्च भएको छ । कालिगण्डकी करिडोर कोरला सडक योजनाले सुरूआती आव २०७३/०७४ देखि आव २०८२/०८३ सम्मको अवधिमा उक्त बजेट खर्च भएको जनाएको छ ।

कोरला सडकका योजना प्रमुख तेजस्वी शर्माका अनुसार गतवर्षसम्म कोरला सडक योजनाको साविक लागत अनुमान दश अर्ब ५६ करोड रहेकोमा आठ अर्ब ९६ करोड बजेट खर्च भएको उल्लेख गरेको छ । योजनाको पछिल्लो संशोधित लागत अनुमान १५ अर्ब पुऱ्याइएको। उहाँले पछिल्लो संशोधित लागत अनुमानअनुसार (बेनी-जोमसोम-कोरला) सडक योजनाको समग्र भौतिक प्रगती ६५ प्रतिशत र वित्तिय प्रगति ६० प्रतिशत पुगेको छ ।

उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको निर्माणधीन कोरला सडक योजनाको पछिल्लो संशोधित सम्पन्न अवधी आव २०८८/०८९ सम्म कायम गरिएको छ । सुरूआती बेनी/जोमसोम ७४ किमी चारखण्ड अस्फाल्ड कालोपत्र र जोमसोम-कोरला ११९ किमी सातखण्ड ग्राभेल सडकबाट सुरूआत गरिएकोमा हालसम्म सडक तथा पुल पुलेसा गरी दर्जनौं योजना थपिएका छन्।

पर्वतको मालढुङ्गादेखि नेपाल-चीन उत्तरी कोरलानाकासम्मको २०२ किमी सडक कालोपत्र तथा स्तरोन्नति गनुपर्ने दायित्व योजनाको रहेको छ। योजना प्रमुख शर्माका अनुसार मालढुङ्गादेखि कोरलासम्म २०२ किमी सडक कालोपत्र गर्नुपर्ने लक्ष्य रहेकोमा गतवर्षको असार महिनासम्म ९० किमी दूरीमा कालोपत्र सम्पन्न भइसकेको छ । कालिगण्डकी करिडोर अन्तर्गत मुस्ताङको छुसाङ्देखि घमीसम्मको ५० किमी सडकको




थप स्तरोन्नति गरी सडक कालोपत्र गर्न दुई अर्ब बढीको ठेक्का आह्वान भइसकेको प्रमुख शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार चालु आवमा बेनी-जोमसोम सडकखण्ड अन्तर्गत म्याग्दीको सिरूबारी सडकखण्डको पहिरोग्रष्त क्षेत्रमा ५०० मिटर कालोपत्रको ठेक्का खुलाइनेछ । म्याग्दीको राहुघाट हाइड्रोपावर भएको स्थानको सडकमा ३०० मिटर दुरीमा जलविद्युत कम्पनीले नै कालोपत्र गर्ने पूर्वसहमति भइसकेको छ ।

म्याग्दी र मुस्ताङको सीमाक्षेत्र थासाङ-४ घाँसा तलको खहरे खोला सडकमा करिव ५०० मिटर दुरीको सडकमा कालिगण्डकी गर्ज हाइड्रो पावर कम्पनीलेनै कालोपत्र गर्नेछ । योसँगै म्याग्दीको महभीर र भीरकाँटे सडक बाहेक

पर्वतको मालढुङ्गादेखि बेनी सडकमा करिव ७०० मिटर दूरीमा सडक कालोपत्र गर्न बाँकी रहेको योजना प्रमुख शर्माको भनाइ छ । म्याग्दीको महभीर र भीरकाँटेमा चट्टान फोरेर सडक चौडा गरी फराकिलो बनाउनेकार्य भएकोमा हाललाई उक्तकार्य स्थगित गरिएको छ । त्यहाँ कालिगण्डकी नदीबाट ग्याविक प्रोटेक्सन गरी सडक चौडा गराउन सुरू गरिएको प्रमुख शर्माले जानकारी दिनुभयो।

यसैगरी कोरला सडक योजना अन्तर्गत पर्वतको मालढुङ्गादेखि कोरलानाकासम्म २६ पक्की मोटरेबल पुल निर्माण गर्ने लक्ष्य राखिएकामा आव २०८२/०८३ सम्म १८ पक्की पुल निर्माणको काम सम्पन्न भइसकेको उहाँले बताउनुभयो । उहाँका अनुसार कोरला सडकमा चार पक्की पुल निर्माणधीन अवस्थामा रहेको र बाँकी आवश्यक चार पुल निर्माणको लागि बजेट विनियोजन हुन बाँकी रहेको छ ।

कोरला सडक योजनाका अनुसार मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-३ स्थित ताङ्वे खोला र वारागुङ मुक्तिक्षेत्र-४ स्थित कागबेनी खोलामा पुल निर्माण गर्नुपर्नेछ। यस्तै, म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ स्थित रूप्से खोला र म्याग्दीको तातोपानीस्थित भुरूङ खोलामा पुल निर्माण गर्नुपर्नेछ। पर्वत-म्याग्दी जोड्ने बेनीस्थित कालिगण्डकी नदीमा पुल निर्माण गर्न बाँकी छ ।

यसैगरी हाल कामचलाउको रूपमा रहेको पर्वतको मिलनचोक, लप्सी खोला, दमुवा खोला लगायतमा पुल निर्माणको आवश्यकता देखिन्छ। राष्ट्रिय गौरवको कोरला सडक अन्तर्गत बेनी-जोमसोम सडकको म्याग्दी खण्डको तीन स्थानमा पहिरो रोकथाम भइरहेको छ, म्याग्दीको गुइठेभीर, खामभित्ता र बैसरीमा पहिरो रोकथामकार्य भइरहेको योजना प्रमुख शर्माले बताउनुभयो । कोरला सडक योजनाका अनुसार चालु आवमा पर्वतको मालढुङ्गादेखि म्याग्दीको बेनीसम्मको सडक अन्तर्गत जुके खोला, केराबारी र लाटी खोलामा गरी तीन स्थानमा पहिरो रोकथामका योजना अघि बढाइने भएको छ । यसैगरी बेनी-जोमसोम सडकखण्ड अन्तर्गत म्याग्दीको सिरूबारी, महभीर, नौनीबगर र सुकेबगरमा गरी चार स्थानमा थप पहिरो थोकथामका योजना थपिने जनाइएको छ । रासस

## facebook twitter



**Sanjeev**
x.com/sanpokh

हाँसउठ्दो र दुःखलाग्दो प्रवृत्ति के छ भने सरकारले दिने सहुलियत, चिट्ठा, पुरस्कार, क्षतिपुर्ति, मान-सम्मानको रकम आदिलाई यसरी प्रस्तुत गर्नेगर्छ मानौं यसको स्रोत अलौकिक हो। यो उसले आफैं जादू, मन्तर गरेर बनाएको पैसा हो ।
अर्कोतर्फ आम जनताले पनि सरकारका यस्ता घोषणामा खुशी नै मनाउँछन् । सरकारले यति, उति सहुलियत दियो- क्या बात ! भनेर प्रशंसा गरिन्छ । उसलाई पनि यो कुराको चेत हुँदैन कि यो सबै जनताकै पैसा हो ।



**Manavi Paudel**
x.com/ManaviPaudel

निकम्मा सरकार !
जनतालाई पुरै ग्यास पुऱ्याउने क्षमता थिएन भने आधा सिलिन्डर दिने नियम किन हटाइयो? चार महिनासम्म आधा सिलिन्डरमा गुजारा गर्न बाध्य बनाउने, अनि अचानक पूरा सिलिन्डर दिने निर्णय गरेर अहिले जनतालाई घण्टौँ लाइनमा उभ्याउने ? यो कस्तो आपूर्ति व्यवस्थापन हो? सबैभन्दा लज्जास्पद कुरा त, जनता बकाइदा पैसा तिरेर ग्यास किन्न तयार छन्, तर ग्यास नै छैन! जनताको चुल्हो बल्ने विषयमा समेत यस्तो चरम लापरबाही र अव्यवस्थापन स्वीकार्य छैन। जनतालाई घण्टौँ लाइनमा उभ्याएर दुःख दिने र त्यसैलाई उपलब्धि ठान्ने निर्लज्जता बन्द गर ! जनताले दया होइन, पैसा तिरेर सहज रूपमा पाउने आधारभूत सेवा खोजेका हुन्। सरकारको काम लाइन लगाउनु होइन, लाइन हटाउनु हो

# भिमादको फेदीखोलामा ट्रस पुल निर्माण

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा भिमाद नगरपालिका-५ स्थित फेदीखोलामा ट्रस पुल निर्माण प्रक्रिया अघि बढेको छ। आयोजनाको डुबान क्षेत्रमा पर्ने फेदीखोलामा सर्वसाधारणको सहज आवागमनका लागि पुल निर्माण सुरू गरिएको हो। पुल निर्माणका लागि चितवनस्थित जलप नेपाल प्रालिसँग गत मङ्सिर २४ गते ठेक्का सम्झौता भएको थियो । सम्झौता अनुसार पुल निर्माण २४ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । उनका अनुसार करिब रू आठ करोड १० लाखको लागतमा ५५ मिटर लामो ट्रस पुल निर्माण भइरहेको छ ।

आयोजनाको डुबान क्षेत्रमा पर्ने उक्त स्थानमा पुलको अभावमा वर्षायाममा खोला वारपार गर्न स्थानीयवासी तथा सर्वसाधारणलाई कठिनाइ हुँदै आएको थियो । पुल निर्माण सम्पन्न भएपछि फेदीखोलामा सहज र सुरक्षित रूपमा आवतजावत गर्न सकिनेछ । यसबाट दैनिक आवतजावत गर्ने स्थानीयवासीसँगै विद्यार्थी, कृषक तथा व्यवसायीलाई समेत प्रत्यक्ष लाभ पुग्ने आयोजना प्रमुख भण्डारीले बताए ।

निर्माणाधीन पुलले भिमाद बजारसहित ऋषिङपाटन, जलबिरे, वाङटाडीटार, लदन, आमडाँडा, टुटुवालगायत बस्तीलाई सडक सञ्जालमार्फत जोड्नेछ । पुल बनेपछि यी क्षेत्रका नागरिकलाई आवतजावतका लागि सहज वैकल्पिक मार्गसमेत उपलब्ध हुनेछ। यस्तै ऋषिङ गाउँपालिका-७ र ८ का पुरानो ऋषिङ, पल्ट्याङ लगायत बस्तीका स्थानीयवासीलाई प्रत्यक्ष सुविधा पुग्नेछ ।

हाल खोलाका कारण आवतजावतमा हुने कठिनाइ हट्ने र भिमाद तथा ऋषिङ क्षेत्रबीचको यातायात सम्पर्क थप सहज हुने अपेक्षा गरिएको छ । आयोजना प्रमुख भण्डारीका अनुसार पुल निर्माणसँगै भिमाद नगरपालिका र ऋषिङ गाउँपालिकाबीच सडक पहुँच तथा यातायात सम्पर्कमा उल्लेखनीय सुधार हुनेछ । यसले स्थानीय बस्तीबीचको आवागमन सहज बनाउनुका साथै कृषि उपज तथा अन्य स्थानीय उत्पादनलाई बजारसम्म पुर्याउनसमेत सहयोग पुग्नेछ ।

तनहुँ जलविद्युत् आयोजना निर्माणका क्रममा आयोजनाको डुबान क्षेत्रमा पर्ने विभिन्न स्थानमा पूर्वाधार विकास तथा स्थानीय आवश्यकताअनुसारका संरचना निर्माणलाई प्राथमिकता दिइएको आयोजना कार्यालयले जनाएको छ। फेदीखोलामा निर्माण भइरहेको पुल पनि सोही क्रममा स्थानीय बासिन्दाको आवागमनलाई सहज बनाउने उद्देश्यले अघि बढाइएको हो ।

पुल नहुँदा खोलाको अवस्था, मौसम तथा पानीको बहावअनुसार आवतजावत प्रभावित हुने गरेको थियो । विशेषगरी वर्षायाममा स्थानीयवासीले जोखिम मोलेर खोला पार गर्नुपर्ने अवस्था रहेकोमा पुल निर्माणपछि उक्त समस्या दीर्घकालीन रूपमा समाधान हुने अपेक्षा गरिएको छ । पुलले भिमाद र ऋषिङ क्षेत्रका बस्तीलाई नजिक ल्याउनुका साथै स्थानीयस्तरमा शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय तथा कृषि क्षेत्रमा पहुँच विस्तार गर्नसमेत सहयोग पुग्ने भण्डारीले बताए ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४